# पुतलीबजार नगरपालिका स्याङ्जा

## सहकारी संघ, संस्था अनुगमन, मुल्याङ्कन तथा नियमन कार्यविधि, २०८०

## स्थानीय राजपत्र


भाग : ३ खण्ड : ७ अङ्क :१२

पारित मिति : २०८०/०४/३१
प्रकाशित मिति : २०८०/११/१४

## "सहकारी संघ, संस्था अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यविधि २०८०"

पुतलीबजार नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन,सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गरी संस्थालाई सुधारका लागि सुझाव दिई सहकारीमा सुशासन कायम गर्न, सञ्चालक समितिका पदाधिकारी तथा कर्मचारीमा सकारात्मक परिवर्तन ल्याई सहकारीको संस्थागत क्षमता अभिवृद्धि विकास तथा प्रबर्द्धन गर्न नगरपालिकामा प्राप्त बिनियोजित बजेटको अधिनमा रही सहकारी संस्थाको नियमन कार्य कार्यान्वयन गर्नका लागि **पुतलीबजार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने)** ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइ पुतलीबजार नगर कार्यपालिकाको बैठकको मिति २०८०/०४/३१ को निर्णय अनुसार नगर प्रमुखबाट स्वीकृत गरी लागु गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम: **"सहकारी संस्था अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यविधि** -२०८०"रहेको छ।

(२) यो कार्यविधि पुतलीबजार नगरपालिकाको राजपत्रमा/नगर प्रमुखबाट प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि पुतलीबजार नगरपालिका भर लागू हुनेछ।

**२.परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : -

(क) "अनुगमन" भन्नाले सहकारी संस्था अनुगमनको कार्य सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले पुतलीबजार नगरपालिकाको सहकारी ऐन २०७४ सम्झनु पर्दछ।

(ग) "स्थानीय तह" भन्नाले पुतलीबजार नगरपालिका सम्झनु पर्दछ।

(घ) "नियमन" भन्नाले ऐन, नियम, नीति, निर्देशन र विनियमको पालना भन्ने सम्झनु पर्दछ।

(ङ "नियमावली" भन्नाले पुतलीबजार नगरपालिका सहकारी नियमावली २०७९ सम्झनु पर्दछ।

(च) "निरीक्षण" भन्नाले सहकारी संस्था निरीक्षणको कार्य सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले पुतलीबजार,नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ज) "मूल्याङ्कन" भन्नाले सहकारी संस्थाको निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा सघन अनुगमन गर्दा प्राप्त नतिजाका आधारमा गरिने मापनलाई सम्झनु पर्दछ।

(झ) "विनियम" भन्नाले सम्बन्धीत सहकारी संस्थाको विनियम सम्झनु पर्दछ।

(ञ) "सघन अनुगमन" भन्नाले सहकारी संस्थाको बिस्तृत अनुगमन गरी संस्थाका संचालक तथा कर्मचारीहरुसँग छलफल गराई संस्थालाई निर्देशन दिने कार्य सम्झनु पर्दछ।

(ट) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ।

(ठ) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्दछ।

(ड) "सुपरिवेक्षण" भन्नाले सहकारी संस्था सुपरिवेक्षणको कार्य सम्झनु पर्दछ।

(ढ) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी संघलाई समेत जनाउँछ।

**३. उद्देश्य :**

पुतलीबजार नगरपालिकाबाट सहकारी संस्थाहरुको नियमित निरीक्षण, सुपरिवेक्षण, अनुगमन,सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्य गर्नुको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) सहकारी संस्थाहरुको नियमित रुपमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनको कार्य गर्न,

(ख) सहकारी संस्थाहरुको सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्य गर्न,

(ग) सहकारी संस्थालाई आवश्यकतानुसार सुधार र सुझाव दिन,

(घ) सहकारी संस्थालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरी संस्थागत सुशासन कायम गर्न,

तुलसी राम रेग्मी
नगर प्रमुख

(ङ) सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरुमा सकारात्मक परिवर्तन ल्याई सहकारीको संस्थागत क्षमता अभिवृद्धि विकास तथा प्रबर्द्धन गर्न,

(च) सहकारी संस्थालाई पुरस्कृत तथा कारवाही गर्न र

(छ) बजेट तथा कार्यक्रमको अधिनमा रही पुतलीबजार नगरपालिकाले नियमित निरीक्षण, सुपरिवेक्षण, अनुगमन,सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यहरु व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्न ।

**४. निरिक्षण, सुपरिवेक्षण, अनुगमन तथा सघन अनुगमन गरिने** :

पुतलीबजार नगरपालिकाले विनियोजित गरेको स्वीकृत वार्षिक विनियोजित बजेटको अधिनमा यस नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको देहाय बमोजिमका निरीक्षण तथा अनुगमन सम्वन्धी कार्यहरु गरिनेछ:

(१) सहकारी संस्थाहरुको नियमित रुपमा स्थलगत निरिक्षण सम्वन्धी कार्य सञ्चालन गर्न सकिनेछ,

(२) सहकारी संस्थाहरुबाट हासिल भएको प्रगति प्रतिवेदनका आधारमा रही सुपरिवेक्षण कार्य गरिनेछ,

(३) निरीक्षण तथा सुपरिवेक्षणका आधारमा अनुगमन गर्नुपर्ने देखिएमा सहकारी संस्थाहरुको स्थलगत अनुगमन कार्य गरिनेछ,

(४) सहकारी संस्थाहरुको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दा सघन अनुगमन गर्नुपर्ने देखिएमा वा संस्थामारकम हिनामिना भएको भन्ने १० प्रतिशत सदस्यले निवेदन गरेमा सघन अनुगमन कार्य गरिनेछ,

(५) सहकारी संस्थाहरुको आवस्यकता अनुसार स्थलगत सामान्य तथा सघन अनुगमनगरिनेछ :

(६) सहकारी संस्थाहरुको नियमित सामान्य अनुगमन तथा निरीक्षण गर्नको लागि तपशिल वमोजिमको एक अनुगमन समिति रहनेछ ।

**तपसिल** :

सयोजक : प्रमुख प्रशासकीय अधिकृत,

सदस्य : प्रमुख प्रशासकीय अधिकृतले तोकेको व्यक्ति/निकाय वा अधिकृत कर्मचारी,

सदस्य सचिव : सहकारी शाखा प्रमुख,

(७) संस्थाले पेश गरेका प्रतिवेदनका आधारमा नगरपालिका अन्तर्गतका निकायलाई सघन अनुगमन गर्नुपर्ने भन्ने लागेमा यस नगरपालिकाका मार्फत अनुगमन गर्ने कर्मचारी छनौट प्रयोजनका लागि तीन सदस्यीय एक समिति गठन गरी सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा खटाउने व्यवस्था मिलाउने छ ।

(८) निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन अनुसूची (१) को ढाँचा बमोजिम र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन अनुसूची (१) र (२) को ढाँचा बमोजिम गरिनेछ ।

(९) सहकारी संस्थाहरुको निरीक्षण वा सुपरिवेक्षण वा अनुगमन प्रतिवेदनको आधार लिई मूल्याङ्कन तथा नियमनको कार्य गरिनेछ ।

(१०) एक आर्थिक वर्षमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन मिलाउनेकार्य गरी सकिएका सहकारी संस्थामा पुन: उक्त कार्य गरिने छैन । तर उजुरी परी वा संस्थामा विशेष परिस्थिति उत्पन्न भई निरीक्षण वा जाँचबुझ गर्नुपर्ने अवस्था भएमा पुनः निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गर्न बाधा पर्नेछैन ।

(११ ) सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा आवश्यक परेमा सम्वन्धित क्षेत्रका विषय विज्ञलाई समेत सहभागी गराउन सकिनेछ ।

**५.सहकारी संस्थालाईपत्र दिनुपर्ने**:

(१) सहकारी संस्थामानिरीक्षण,अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुले खटाउने निकायको आधिकारीक पत्र दिई जानकारी गराउनुपर्नेछ ।

(२) निरीक्षण,अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुलाई माग गरेबमोजिमका विवरण सम्वन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**६.आचारसंहिता पालना गर्नुपर्ने** : निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा खटिएका कर्मचारीहरुले देहाय वमोजिमका आचारसंहिता पालना गर्नुपर्नेछ,

(क) निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गरिने आवश्यक अनुसूचिको साथमा आवश्यक कागजात दिनुपर्ने,

(ख) सम्वन्धित सहकारी संस्थाका पदाधिकारी र कर्मचारीहरु आफ्ना नातागोता पर्ने भएमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिन नहुने,

(ग) खटिने कर्मचारी सदस्य भएको सहकारी संस्थामा निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिन नहुने,

(घ) खटिने कर्मचारी आफ्नो परिचय-पत्रसहित निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिनु पर्ने,

(ङ) संस्थाको गोप्य राख्नु पर्ने तथ्याङ्कहरु निरीक्षण,सुपरिवेक्षण,अनुगमन,सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमामात्र सिमित रहने वा प्रचलित कानून बमोजिम गोप्य रहने विषयको सार्वजनिक गर्ननहुने ।

**७.प्रतिवेदन पेश गर्नुपर्ने**: (१) अनुगमनमा जाने कर्मचारीले सम्बन्धीत सस्थामा पुगेर प्रभावकारी रुपले अनुगमन गरी सो पश्चात कार्यालयमा अनिवार्य रुपमा सस्थाहरुले गरेको कार्यको त्रुटीहरु भए सो समेत तयार पारी अनुगमनको लागि खटिएका टिमबाट प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुले निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनको प्रतिवेदन अनुसूचि (१) को ढाँचामा र सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको प्रतिवेदन अनुसूचि (१) र (२) वा तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ ।

(३)अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन प्रतिवेदनमा देखिएका कैफियतहरु सुधार तथा व्यवस्थित गर्नका लागि सम्वन्धित संस्थालाई जानकारी एवं निर्देशन दिनु पर्नेछ । सम्वन्धित संस्थाले पनि निर्देशन कार्यान्वयन एवं पालना गरी संस्थालाई सुधार तथा व्यवस्थित गरी संस्थागत सुशासन तथा संस्थागत विकास गर्नु पर्नेछ र सोको जानकारी मन्त्रालय वा अन्तर्गतको निकायलाई दिनुपर्नेछ ।

**८. अनुगमनका सुविधा सम्बन्धमा**: सहकारी सस्थाहरुको अनुगमन गर्दा सामान्य अनुगमन वापत प्रति/दिन प्रति व्यक्ति रु १५००। र सघन अनुगमन गर्दा प्रति दिन प्रति व्यक्ति रु २५००।का दरले एकमुष्ट रकम उपलव्घ गराइने छ । रकम माग गर्दा सहकारी सस्थाहरुको स्थलगत प्रतिवेदन तयार गरेर नियमानुसार आवस्यक कागजातहरुको प्रक्रिया पुरा गरी प्रमुख प्रशासकीय अधिकृत ज्यू समक्ष भुक्तानीको लागि निवेदन दिनु पर्नेछ ।

**९.कार्यविधि वमोजिम हुने** : यो कार्यविधिमा भएका निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन व्यवस्थाहरु यसै कार्यविधि वमोजिम हुने र अन्य विषयहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**१०.बाधा अड्काउ फुकाउ**: यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन परेमा वा थप व्याख्या गर्नु परेमा कार्यलयको सिफारिसमा नगर प्रमुखको निर्णयबाट बाधा अड्काउ फुकाउनसकिनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**अनुसूची - १**

पुतलीबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

**सहकारी संस्थाहरुको अनुगमन निरीक्षण फाराम**

सहकारी संस्थाहरुको स्थलगत निरीक्षण, सुपिरवेक्षण तथा अनुगमनका लागि निरीक्षणका बुंदाहरु

१. सहकारी संस्थाको नाम : .................................... स्थायी लेखा नं. (पान) .: ....................................

ठेगाना : ......................... फोन नं.: ................. .सफ्टवेयर:

२. दर्ता नं. ........... मिति ........................... कार्यक्षेत्र :

३. पछिल्लो साधारण सभा सम्पन्न भएको मिति ..........................उपस्थित संख्या :

४. संस्थाले निर्माण गरेका नियमावली तथा नीतिहरु :

५. वचत तथा ऋणको औषत व्याजदर तथा वचत र ऋणको आन्तरिक व्याजदर % मा :

६. तोकिए वमोजिम सम्बन्धित कार्यालयमा पठाउने गरेका कागजातहरु :

७. खुद नाफाको २५% जगेडा कोषमा जम्मा गरे/नगरेको र शेयर पूँजीको १८% भन्दा बढी लाभांश वितरण गरे/नगरेको :

८. लेखापरीक्षण स्वीकृती लिएर लेखापरीक्षण गरे/नगरेको तथा एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुत्ती भएको छ/छैन ?

९. ऋण लगानी गर्दा लिने गरेको व्यवस्थापन शुल्क तथा अन्य रकमहरु :

१०. संस्थाको कूल पूँजीको १५% भन्दा बढी रकम एकै व्यत्तिलाइ ऋण लगानी गरे/नगरेको ?

११. कूल शेयरको २०% भन्दा बढी एकै व्यत्तिले शेयर खरिद गरे/नगरेको ?

१२. नयाँ सञ्चालक समितिका सदस्य निर्वाचित हुँदा फोटो सहित ३ पुस्ते बिवरण कार्यालयमा पठाईएको छ/छैन ?

१३. गैह् सदस्य र गैह् क्षेत्रमा कारोवार गरे/नगरेको ?

१४. साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको प्रतिलिपि कार्यालयमा पेश गरे/नगरेको ?

१५. ऋण नोक्सानी रकमको व्यवस्था गरे/नगरेको ?गरेको भए सो को बिबरण ।

१६. सञ्चालक समितिका सदस्यले लिने गरेका सुविधाहरुः

१७. ऋण प्रवाह गर्ने प्रकृयाहरु :-

१८. एकै पटकमा ४९% भन्दा बढी सञ्चालकले ऋण लिए/नलिएको, सञ्चालकहरुको नियमित बैठक बस्ने गरे/नगरेको । नियमित वचत गर्ने गरे/नगरेको ?

१९. संस्थाको साइन बोर्ड, सदस्य वडा - पत्र र सूचना पाटी राखिएको छ/छैन ?

२०. निम्न बिबरणहरु यसैमा भर्नु होलाः (रुपैयाँमा)

| कूल शेयर | कूल वचत | लगानी | आम्दानी | खर्च | जगेडा कोष | अन्य कोष | स्थिर सम्पती | तरलता | अनुदान | बाह्यय ऋण लिएको | जम्मा कारोवार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

| जम्मा ब्याजदर% मा | | शेयर सदस्य संख्या | | कर्मचारी संख्या | | सञ्चालक समिति | |
|---|---|---|---|---|---|---|---|
| बचतमा ब्याजदर | लगानीमा ब्याजदर | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

२१. सञ्चालक तथा लेखा समितिको बिबरण (अलग्गै पानामा भर्नु हुन) ।

| नाम | ठेगाना | पेश्की रकम भए | ऋण | वचत | शेयर | योग्यता | फोन नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२२. संलग्न गराउनुपर्ने अन्य विवरण

क. पछिल्लो साधारण सभाको तथा लेखापरीक्षणको निर्णयको फोटोकपि ।

ख. पछिल्लो ६ महिनाको सञ्चालक समितिको निर्णयको फोटोकपि ।

ग. बढीमा २०/२० ठूला ऋण, ठूला शेयर सदस्य तथा ठुला वचत कर्ताको बिबरण ।

२३. वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले बिमा गरे/नगरेको तथा बहुउद्देश्यीय सहकारी संस्थाले कुन कुन प्रकृतीको काम गर्ने गरेको छ सोको विवरण :-

२४. सञ्चालक तथा लेखासमितिका पदाधिकारीहरुले ऋण लिएको जानकारी पुतलीबजार नगरपालिकाको कार्यालयमा दिए/नदिएको?

२५. अन्य कोषहरुको रकम व्यवस्थापन भएको छ/छैन ?

२६. साधारण सभा नियमित भए /नभएको ?

२७. सञ्चालक समिति, लेखासमिति र ऋण लगानी उपसमिति लगायत अन्य उपसमितिको नियमित बैठक बसे/नबसेको ?

२८. बिभिन्न समिति तथा उपसमितिका बैठकका निर्णयहरु कार्यान्वयन भए/नभएको ?

२९. स्थिर सम्पती घर, जग्गा भए/नभएको भएको ?भए कसको नाममा छ ?

३०. सस्थाको नाफा/घाटाको अवस्था के छ ?

३१. संस्थाले खरिद विक्रिको कारोवार गरे/नगरेको ?

३२. कूल कारोवारको कति प्रतिशत वचत तथा ऋणको कारोवार रहेको छ । ?

३३. नयाँ सहकारी ऐनले व्यवस्था गरे अनुसारका कोषहरुको व्यवस्थापन भए/नभएको ?

३४. जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरुको सदस्यता लिए/नलिएको ?

३५. पान प्रमाण पत्र लिए/नलिएको ? यदि लिएको भए कर चुक्ता गरे/नगरेको ?

३६. अन्यत्र कहि कतैबाट ऋण वा अनुदान लिए/नलिएको ?यदि लिएको भए कहाँबाट लिएको हो ?

३७. संस्थागत सदस्य दिए/नदिएको ?

३८. सञ्चालकहरु अन्य कुनै पनि सहकारी संस्थाको सञ्चालक भए/नभएको ?

३९. सञ्चालकहरुले कुनै पेश्की रकम लिए/नलिएको ?

४०. कर्मचारीहरुले पेश्की लिए/नलिएको ?

४१. कर्मचारीलाई नियुत्ती पत्र दिएर काममा लगाए/नलगाएको ?

४२. सहकारी संस्थाले कुनै पनि कार्य योजना तथा रणनैतिक योजना बनाए/नबनाएको ?

तुलसी राम रेग्मी
नगर प्रमुख

४३. सहकारीले अन्य कुनै उदाहरणिय कार्य गरेको भए सो को बिबरण ।

४४. यस संस्थाका सञ्चालकहरु अन्य सहकारी संस्थाको सञ्चालकमा भए/नभएको ?

४५. कोपोमिस सफ्टवेयरमा सहकारी संस्था आवद्वता भए/नभएको ?

४६. सहकारी संस्थाको ईमेल ठेगानाः

४७. संस्थाका अध्यक्षको नाम र सम्पर्क नम्बरः

४८. संस्थाका व्यवस्थापकको नाम र सम्पर्क नम्बरः

पुतलीबजार नगरपालिकाको कार्यालयको तर्फबाटःसहकारी संस्थाको तर्फबाटः

कर्मचारीको नामः

पदः

दस्तखतः

पदाधिकारीको नामः

पदः

दस्तखतः

संस्थाको छापः

मितिः

## अनुसूची-२

वित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुको स्थलगत सघन अनुगमन,मूल्याङ्कन तथा नियमनका लागि संलग्न विवरण तथा कागजातहरु

१. पछिल्लो मितिको सन्तुलन परीक्षण, नाफा नोक्सान हिसाव,वासलात र बैक स्टेटमेन्ट (बैंकको नाम,खाताको किसिम, खाता नं. र रकम समेत)

२. रकमका आधारमा बढीमा ३० ठूला शेयर सदस्यहरुको विवरण :

| क्र. सं. | शेयर सदस्यरहरुको नाम | शेयर रकम | कैफियत |
|---|---|---|---|
| | | | |

**३. रकमका आधारमा बढीमा ३० ठूला बचत कर्ता सदस्यहरुको विवरण** :

| क्र. सं. | बचतकर्ता सदस्यहरुको नाम | बचत रकम | शेयर रकम |
|---|---|---|---|
| | | | |

**४. रकमका आधारमा बढीमा ३० ठूला ऋणी सदस्यहरुको विवरण (कूल ऋणीको ऋण शारांस विवरण)** :

| क्र.सं. | ऋणीको नाम | ऋणको शिर्षक | ऋणको रकम | ऋण लगेको मिति | ऋणीको शेयर रकम |
|---|---|---|---|---|---|
| | | | | | |

**५. संस्थाको मौजुदा सञ्चालक र लेखा सुपरिवेक्षण समितिको विवरण** :

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | ठेगाना | पति/पिता | बचत | शेयर | ऋण | पेश्की | मूल व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

**६. भाखाका आधारमा ऋणको बर्गिकरण:**

| क्र.सं. | ऋणको शिर्षक | कूल ऋण | असल ऋण | एकवर्ष भन्दा कम भाखा नाघेको ऋण | एक वर्षभन्दा बढी भाखा नाघेको ऋण |
|---|---|---|---|---|---|
| | | | | | |

**७. स्थिर सम्पत्तिको विवरण (गाडी संख्या, घरजग्गा-क्षेत्रफल,मेसिनरी औजार समेत) बाँकी कितावी मूल्य,ह्रासकट्टी प्रणाली** :

**८. कर्मचारीहरुको विवरण** :

| क्र.सं. | नाम | पद | तलब/भत्ता | ऋण | पेश्की | बचत | शेयर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**९. संस्थागत कारोबारको विवरण (शेयर,बचत तथा ऋण कारोबार) रकम** :

**१०. गैर बैंकिङ्ग सम्पत्तिको विवरण** :

**११. पेश्की तथा बेरुजु नाम सहितको विवरण** :

**<u>माग गर्ने कागजातहरु : -</u>**

१. शेयर सदस्यता, ऋण माग, जमानी बस्नेको मञ्जुरीनामा, तमसुक र बचत खाता खोल्ने फाराम (खाली नमूनाहरु),

२. संस्थाको बिनियम (संशोधनका प्रतिहरु समेत),नियमावली,बचत तथा ऋण नीति,कार्यविधिहरुको प्रतिलिपि,

तुलसी राम रेग्मी
नगर प्रमुख

३. संस्थाको **Brochure** लगायतका पर्चा तथा प्रकाशनहरु,
४.पछिल्लो चौमासिक प्रतिवेदन र वार्षिक लेखापरीक्षण प्रतिवेदन (**Long form: Report** सहित)को प्रतिलिपि,
५. संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि,
६. लेखापरीक्षकलाई संस्थाले दिएको नियुक्ती पत्रको प्रतिलिपि,
७. संस्थाले संगठित संस्थाको शेयरमा लगानी गरेको भए रकम सहितको प्रतिलिपि,
८. सञ्चालक समित, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति र साधारण सभाका पछिल्ला निर्णयहरुको प्रतिलिपि,
९.संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्चाचन सम्वन्धित कागजातहरु,
१०. निरीक्षण प्रतिवेदन,त्यसउपर समितिको निर्णय र गरेका पहलहरु,
११. कर्मचारीको नियुक्ती पत्रको प्रतिलिपि,
१२. शेयर दर्ता किताव बमोजिमका सदस्यहरुको नामावली,
१३. नगद,ढुकुटी,काउन्टर र मार्गस्थ बीमा सम्वन्धी काजगातको प्रतिलिपि,
१३. बचत तथा ऋणको पछिल्लो व्याजदर निर्धारण प्रक्रिया,
१४. संचालकहरुको व्यक्तिगत तथा व्यावसायिक विवरण,
१५. संस्थाका संचालक,व्यवस्थापक सहित सघन अनुगमन,मूल्याङ्कन तथा नियमन विषयमा संयुक्त बैठकको छलफल र निर्णय,
१६. सम्पत्ति, दायित्व,आम्दानी र खर्च खाताको अन्तिम प्रबृष्टि,
१७. अन्य आवश्यक देखिएका कागजातहरु ।

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाका सञ्चालक/ब्यवस्थापकसँग संकलन भएको हो भनी सही गर्ने :

हस्ताक्षर :-

आधिकारिक पदाधिकारी/कर्मचारीको नाम :-

पद :-

मिति :-

संस्थाको छाप :-

अनुगमन,मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीको

नाम :-

पद :-

दस्तखत :-

१.

२.

३.

मिति :